NepalMonitor.org
NEPAL MONITOR
human rights . security . nepal

SAFERWORLD
PREVENTING VIOLENT CONFLICT. BUILDING SAFER LIVES

# १८ औं EWER त्रैमासिक प्रतिवेदन

# जुलाई देखि सेप्टेम्वर-२०१९

## पृष्ठभूमि

यो प्रतिवेदनले, देशको बिभिन्न भागमा नागरिक अधिकारको अवस्था कस्तो छ, स्थानीय राजनीतिक, सामाजिक अथवा स्रोत-साधनको परिचालनको बिषयमा द्वन्द्वका संभावना र आयाम के कस्ता छन्, भन्ने बारे जानकारी/पूर्वसूचना दिने प्रयत्न गरेको छ । नेपालको राज्य पूर्नसंरचनाका आधारमा सातवटै प्रदेशमा रहेका ७ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा नेपालको ७ वटै प्रदेशमा घटेका प्रमुख घटना र सम्बन्धित जानकारी समेटेर यो प्रतिवेदन तयार पारिएको हो । **२०१९ को जुलाईदेखि सेप्टेम्बर महिना**सम्मका हामीलाई उपलब्ध जानकारी यस प्रतिवेदनमा समेटिएका छन् । सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच र भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरण सम्बन्धी चुनौती/द्वन्द्व शीर्षकमा सूचना संकलन गरिएको थियो । यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारी बारे विश्लेषण तथा चर्चा गरिएको छ ।

## सारांश

- **प्रदेश नं. १ मा यस अवधिमा पनि स्थानीय तह लगायत विभिन्न निकायमा कर्मचारीको अभाव हुँदा सेवा प्रभावित हुन पुगेको पाईयो । निर्वाचित जनप्रतिनिधिहरुको आधा अवधि बितिसक्दा समेत कतिपय स्थानीय तहहरुमा वडा कार्यालय नै संचालन हुन सकेका छैनन् भने स्थापना भएका वडा कार्यालयहरुले कर्मचारीको अभावमा प्रभावकारी सेवा दिन सकिरहेका छैनन् । ताप्लेजुङमा स्वास्थ्यकर्मीले नै सचिवको समेत कार्य गर्नुपर्ने बाध्यता देखियो । यसले गर्दा मार्कामा परेका सेवाग्राहीहरुमा जनप्रतिनिधिप्रतिनै असन्तुष्टि बढदो छ ।**
- **प्रदेश नं. ५ का कतिपय स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीहरुवीचको उचित समन्वयको अभावले संघ र प्रदेश सरकारबाट स्थानीय तहमा आएका योजना र बजेटहरु खर्च नभई फिर्ता भएको पाईयो । असार मसान्तसम्ममा सम्पन्न गरिने स्थानीय तहका आफ्नै योजनाका अतिरिक्त संघ र प्रदेशका त्यस्ता योजना समन्वयको अभावमा कार्यान्वयन हुन नसक्दा स्थानीय सेवाग्राही बिकासको अवसरबाट बन्चित हुने अवस्था बढदो छ ।**
- **स्थानीय तहमा आन्तरिक विवाद चुलिने, पक्ष र बिपक्षवीचको विवादले विरोध र अवरोधका कार्यहरु हुनु सामान्य हुन थालेको छ । आन्तरिक विवाद र गुट-उपगुटले कतिपय स्थानीय तहमा यस अवधिमा नगर परिषद् तथा गाउँसभा समेत हुन सकेन भने कतिपय स्थानीय तहका कार्यालयहरुमा तोडफोड र आगजनी समेत भए । कतिपय पालिकामा अज्ञात पक्षको नाममा समेत अपराधिक घटनाहरु हुन थालेको पाईयो ।**
- **बिगत प्रतिवेदनमा झै यस त्रैमासिक अवधिमा पनि प्रदेश नं. २, प्रदेश नं. ५ र कर्णाली प्रदेश लगाएतका प्रदेशहरुमा भ्रष्टाचारका गतिबिधिहरु भएको पाईयो । यस अवधिमा पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले भ्रष्टाचार र अनियमितताको आरोपमा कार्वाहीलाई तिव्रता दिएको पाईयो । प्रदेशस्तरमा हेर्दा प्रदेश नं.२ मा बढी कार्वाहीको अवस्था देखिएको र यस अवधिमा स्थानीय तह, मालपोत कार्यालय, नापी कार्यालय लगायतका निकायमा कार्वाही प्रकृयाले तिव्रता पाएको देखियो ।**
- **बिगतमा झै यस अवधिमा पनि प्रदेश १, प्रदेश २ र कर्णाली प्रदेशमा गोलीद्वारा हत्या र घाईतेका घटनाहरु भएको पाईयो । कतिपय स्थानमा सामूहिक झडपका घटनाहरु पनि भए । सुरक्षा निकायले सुरक्षा चेकजाँचलाई कडाई गर्ने क्रममा कतिपय स्थानमा हातहतियार सहित व्यक्ति पक्राउ परेको पनि पाईयो ।**
- **बिगतमा झै यस अवधिमा पनि अधिकांश स्वास्थ्य संस्थामा आवश्यक्ता अनुसारका भौतिक संरचनाको अभाव, दक्ष चिकित्सक अस्पतालमा नहुने र प्राविधिक उपकरणको उचित व्यवस्थापन नहुँदा उपचारका लागि अस्पताल तथा स्वास्थ्य केन्द्रमा पुगेका बिरामीहरुले उचित स्वास्थ्य सेवाबाट बञ्चित हुनुपरेको पाईयो । बेडको अभावमा भुईमानै बसेर उपचार गराउन बाध्य हुने, एउटै बेडमा दुईभन्दा बढी बिरामी राखेर उपचार गरिने समस्या सामान्य हुन थालेको पाईयो । त्यसैगरि भएका दक्ष चिकित्सकहरु काठमाडौं उपत्यका र सुबिधाजनक ठाउँमा मात्र केन्द्रीत हुँदा प्रदेश १, प्रदेश ५, कर्णाली र**

सूदूरपश्चिम प्रदेशका पहाडी र हिमाली जिल्लाका दुर्गम ठाउँमा स्वास्थ्य उपचारको समस्या झन झन जटिल हुँदै गएको देखियो ।

- दुर्गम र पहाडी क्षेत्रमा स्वास्थ्य अवस्था बिकराल भईरहेको वेला यस त्रैमासिक समयमा भने सरकारले गर्भवती र सुत्केरीलाई स्वास्थ्योपचारका लागि निशुल्क हवाई सेवा दिने निर्णय गरेर एक उदाहरणीय कार्य गरेको छ । राष्ट्रपति महिला कार्यक्रम अन्तर्गत उक्त सेवाले केही रुपमा भएपनि सुत्केरी महिलालाई राहत पुग्ने देखिन्छ ।
- बिगतमा झै यस अवधिमा पनि सातवटै प्रदेशहरुमा लैंगिकतामा आधारिक हिंसाका घटनाहरु भए । यस्ता घटनामा महिलाहरु बढी पीडित भएको पाईयो । बलात्कार, बलात्कारको प्रयास, यौनजन्य हिंसा र दुर्व्यवहार, घरेलु हिंसा, कुटपिट, बालविवाह लगायतका घटनाहरु यस अवधिमा भए । बलात्कारका घटनामा नाबालिग उमेर समूहका नै बढी पीडित भएको देखियो । *(बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको कारणले गोप्य राखिएको छ ।)*
- पार्टी एकीकरणपछि निर्माण भएको नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) को प्रदेश नं. २ अन्तर्गत महोत्तरीको बर्दिवासमा सम्पन्न प्रदेशस्तरीय भेलामा पूर्वाग्रही तरीकाले नेता कार्यकर्ताहरुलाई पाखा लगाईएको जनाउँदै एक समूहले होहल्ला गरेपछि दोहोरो झडपको स्थिती सृजना भयो । स्थितीलाई नियन्त्रणमा लिन प्रहरीले लाठि चार्ज समेत गर्नु परयो । राजनीतिक विवादका कारण सिरहा र सप्तरीका जिल्ला कमिटी सदस्यहरुका लागि तय भएको सपथग्रहण कार्यक्रम समेत प्रभावित भयो ।
- यस अवधिमा प्रदेश नं. ५ स्थित बाँकेको सितापुरमा नेपाली कांग्रेसले आयोजना गरेको राजनीतिक कार्यक्रममा नेकपाका कार्यकर्ताहरुले हस्तक्षेत्र गरि बिथोल्नुका साथै आक्रमण समेत गरेको पाईयो । नेकपाको आक्रमणबाट आफ्ना केही नेता कार्यकर्ता घाईते भएको जनाउँदै सो संगठनले विज्ञप्तीमार्फत विरोध जनाई दोषीमाथि कार्वाहीको माँग गरयो ।
- गण्डकी प्रदेश मातहतको संसदबाट यस अवधिमा पनि सचिवालय सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक पास हुन सकेन । एकवर्षभन्दा बढी समयदेखि रोकिएको बिधेयक नियुक्त हुने सचिवलाई दिईएको अधिकारको बिषयमा सहमति जुटन नसकेपछि बिधेयकले संसदबाट पूर्णता पाउन सकेको छैन । यद्यपी गण्डकी प्रदेशमा जनप्रतिनिधिले दोहोरो सुबिधा पाउने गरि संसोधन भएको बिधेयक भने यसै अवधिमा प्रदेश सभाबाट अत्यधिक बहुमतले पारित भएको पाईयो ।
- बिगतमा झै यस अवधिमा पनि सरकारद्वारा प्रतिबन्धित नेत्र बिक्रम चन्द (बिप्लव) नेतृत्वको नेकपाको नामबाट बिभिन्न स्थानहरुमा बिष्फोट र आगजनीका घटनाहरु भए । यस अवधिमा सो संगठनका कार्यकर्ताहरुले अधिकांश रुपमा स्थानीय तह अन्तर्गतका पालिकाहरु र वडा कार्यालयलाई निशाना बनाएको पाईयो । केही ठाउँमा नेपाल टेलिकम र एनसेलका टावरमा समेत बिष्फोट र आगजनी गराई क्षति पुरयाएको पाईयो ।
- यस अवधिमा नेत्र बिक्रम चन्द (बिप्लव) नेतृत्वको नेकपालाई प्रमुख सुरक्षा चूनौतीका रुपमा लिदै सुरक्षा निकायले सो संगठनका कार्यकर्ताहरुको गिरफ्तारीलाई तिब्रता दिएको पाईयो । अधिकांश जिल्लामा जिल्लास्तरका र कतिपय केन्द्रीयस्तरका नेता कार्यकर्ताहरु गिरफ्दारीमा परेको सार्वजनिक जानकारीमा आयो । प्रदेश नं. १ को भोजपुरमा प्रहरी र बिप्लव नेतृत्वको कार्यकर्तावीच भएको गोली हानाहानमा दुवैतर्फ एक एक जनाको ज्यान गएको सुरक्षा निकायले पुष्टि गरेको पाईयो ।
- बिगतमा झै यस अवधिमा पनि श्रोत बाँडफाँड र परिचालनको बिषयलाई लिएर बिभिन्न क्षेत्रमा द्वन्द्व र विवाद देखा परे । यस अवधिमा प्रदेश नं. २ का कतिपय स्थानीय तहमा बजेट बिनियोजनकै विषयमा भएको विवाद चरमोत्कर्षमा पुगेको र अदालतको मुद्दाको विषय समेत बन्न पुगेको पाईयो ।
- बिगतमा झै यस अवधिमा पनि नदीजन्य पदार्थको अनियमित ढंगले भएको उत्खनन् र निकासीका तीव्र रुपमा भएको सार्वजनिक जानकारीमा आयो । यस्ता कार्यले कतिपय ठाउँमा पहिरोको सम्भावनाहरु बढेको र कतिपय ठाउँमा सार्वजनिक सडकहरु नै जोखिममा परेको पाईयो । यस्ता कार्यमा एकदुई जनाभन्दा पनि ठूलै जालोको रुपमा रहेको र संलग्न व्यक्तिहरुलाई राजनीतिक संरक्षण हुने गरेको स्थानीयको आरोप रहयो ।
- बिगतमा झै यस त्रैमासिक अवधिमा पनि सुरक्षा निकायले बिभिन्न मुद्दामा फरार व्यक्तिहरुको खोजी र कार्वाहीलाई तिव्रता दिएको पाईयो । यस अवधिमा प्रदेश नं. ३ मा आत्महत्यामा दुरात्सहन गरेको एक मुद्दामा आरोपिलाई कैद सजायको निर्णय र यौनजन्य दुर्व्यवहारको आरोपमा निवर्तमान सभामुख कृष्णबहादुर महरामाथिको कार्वाहीको घटना उल्लेखनीय रहयो ।
- बिगत वर्षहरुमा झै यस वर्षको असारको अन्तिम र श्रावणको पहिलो सातामा परेको अविरल वर्षाका कारण प्रदेश नं. १, प्रदेश नं. २, प्रदेश नं. ३, गण्डकी प्रदेश, प्रदेश नं. ५ र कर्णाली प्रदेशका अधिकांश जिल्लाहरु प्रभावित भए । बाढी र पहिरोले जनजीवन अस्तव्यस्त र यातायात समेत अवरुद्ध भएको पाईयो । प्रदेश प्रतिनिधिहरुबाट प्राप्त प्रतिवेदन अनुसार वर्षाका कारण दर्जनौ व्यक्तिको ज्यान गएको र हजारौं व्यक्तिहरु प्रभावित भएको र बिस्थापनमा परेको पाईयो ।

## १- प्रशासन सम्बन्धी घटना/ तनाव

**प्रदेश नं. १ मा यस अवधिमा पनि स्थानीय तह लगायत बिभिन्न निकायमा कर्मचारीको अभाव हुँदा सेवा प्रभावित हुन पुगेको पाईयो । निर्वाचित जनप्रतिनिधिहरुको आधा अवधि बितिसक्दा समेत कतिपय स्थानीय तहहरुमा वडा कार्यालय नै संचालन हुन सकेका छैनन् भने स्थापना भएका वडा कार्यालयहरुले कर्मचारीको अभावमा प्रभावकारी सेवा दिन सकिरहेका छैनन् । ताप्लेजुङमा स्वास्थ्यकर्मीले नै सचिवको समेत कार्य गर्नुपर्ने बाध्यता देखियो । यसले गर्दा मार्कामा परेका सेवाग्राहीहरुमा जनप्रतिनिधिप्रतिनै असन्तुष्टि बढदो छ ।**

प्रदेश नं. १ का इलाम, ताप्लेजुङ्ग लगायत स्थानीय तहहरुमा कर्मचारी अभाव हुँदा सेवाग्राही समस्यामा छन् । इलामको माई नगरपालिकामा कर्मचारीको अभाव सबैभन्दा बढी छ । कर्मचारीको अभावले वडा कार्यालयहरु सचिवबिहीन हुँदा कार्यालयका दैनिक कार्यहरु लगायत जन्मदर्ता, विवाहदर्ताको प्रमाणपत्र लिन तथा नागरिकताको सिफारिस समयमै बनाउन समस्या भएको स्थानीयले गुनासो गरे । कर्मचारी समायोजन भएर जाँदा दरबन्दी अनुसारका कर्मचारी नहुनुले कार्यालय र वडा कार्यालय समेतको कार्य संचालनमा समस्या भएको माई नपाका प्रमुख प्रशासकीय अधिकृत पुरूषोत्तम घिमिरेले बताए । एकै जना कर्मचारीलाई धेरै कामको जिम्मेवारी दिनुपरेकाले कर्मचारी अभाव हुँदा नगरपालिकाको राजश्व सङ्कलन र तथ्याङ्कको काममा समेत बाधा हुने गरेको घिमिरेको भनाई थियो । माई नगरपालिकासहित सूर्योदय नपा, इलाम नपा, चुलाचुली गाउँपालिका, रोङ गाउँपालिका लगायतका जिल्लाका १० ओटै स्थानीय तहमा कर्मचारी अभाव देखिएको स्थानीय प्रतिनिधिहरुले बताए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

**ताप्लेजुङ्ग** जिल्लामा एक नगरपालिका सहित नौ ओटै स्थानीय तहमा दरबन्दी अनुसारको कर्मचारी अभावले सेवाग्राही मार्कामा परेका छन् । कर्मचारी अभावकै कारण मेरिङ्देन गाउँपालिका-१ स्थित स्वास्थ्य चौकीका हेल्थ असिस्टेन्ट हेमन्त प्रधानले चार महिनायता स्वास्थ्य चौकीका अतिरिक्त पन्जिकरणको काम पनि गरिरहेका छन् । बिरामीको उपचार गर्ने सहित जन्म, मृत्यु र बसाईसराई दर्ता गर्ने र वडाको बैठक सञ्चालन गर्ने जिम्मेवारी उनलाई दिईएको प्रधानको भनाई छ । गाउँपालिकाका अध्यक्ष गणेशबहादुर चोङबाङका अनुसार ३२ जना कर्मचारीको दरबन्दी भएपनि दरबन्दी अनुसार प्रशासकीय अधिकृत मात्र छन् । गाउँपालिकाका ६ ओटै वडामा स्वास्थ्यका कर्मचारीहरूबाटै सचिवको समेत दैनिक कामहरु गराईदै आएको छ । सिरिजङ्गा गाउँपालिकाका ८ वडामध्ये २ ओटा वडामा मात्रै सचिव रहेको प्रशासकीय अधिकृत प्रशन्नदीप राईले बताए । स्वीकृत दरबन्दी अनुसार मिक्वाखोला गाउँपालिकामा २४ जना स्थायी कर्मचारी हुनुपर्ने हो । तर, अहिले ४ जना मात्रै छन् । ५ नम्बर वडा बाहेकका वडा कार्यालयमा स्वास्थ्य र प्राविधिक कर्मचारी सचिव छन् । एच.ए., अहेव, सवओभरसियर र ओभरसियरलाई अन्य प्रशासनिक जिम्मेवारी दिएर भएपनि सेवा प्रवाह गरिरहेको सिदिङवा गाउँपालिकाका अध्यक्ष नरबहादुर कडरियाले बताए । फुङलिङ नगरपालिकामा ५१ जनाको दरबन्दी छ । तर, २७ जना मात्रै कार्यरत रहेको प्रशासकीय अधिकृत महेशराज तिम्सिनाको भनाई छ । ६ ओटा वडा रहेको मैवाखोला गाउँपालिकामा २५ जनाभन्दा माथिको स्थायी दरबन्दी छ । हाल ७ जना स्थायी र ३ जना करारका कर्मचारी छन् । अब उपभोक्ता समिति गठन, योजना छनौट लगायतका कार्य धमाधम गर्ने समय भएकाले कर्मचारीको अभाव एक प्रमुख समस्या रहेको गाउँपालिका अध्यक्ष राजन थत्लुङले बताएको ०७६ भदौ १६ गतेको इन्सेक अनलाईनमा उल्लेख छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

त्यसैगरि संखुवासभाको भोटखोला गाउँपालिकाको गाउँसभा अझै हुन सकेको छैन। १० असारसम्म स्थानीय तहले नीति तथा कार्यक्रमसहित बजेट ल्याउनुपर्ने कानुनी व्यवस्था भए पनि भोटखोला गाउँपालिकाले भने अविधिभित्र गाउँसभा गर्न नसकेको हो। भोटखोला गाउँपालिका जिल्लाको सबैभन्दा दुर्गम क्षेत्रमा पर्छ। कर्मचारी अभावले समयमै गाउँसभा गर्न नसकिएको गाउँपालिका अध्यक्ष तेम्बा भोटेले बताए। गाउँपालिकामा २७ जना कर्मचारीको दरबन्दी रहेकोमा पाँचजना अस्थायी कर्मचारीबाट गाउँपालिका चल्दै आएको अध्यक्षको भनाई छ। 'गाउँपालिकामा कर्मचारी नै छैनन् । कर्मचारी पठाइदिन संघीय सरकारलाई पटक-पटक आग्रह गर्‍यौं, तर सुनुवाई भएन,' अध्यक्ष भोटेले भने । गाउँसभाको तयारी गरिरहँदा प्रमुख प्रशासकीय अधिकृत पारिवारिक स्वास्थ्य उपचारका लागि बिदामा हिडेपछि गाउँसभा हुन नसकेको अध्यक्ष भोटेको भनाई रहेको ०७६ साउन १६ गते प्रकाशित नयाँ पत्रिकामा उल्लेख छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

कर्णाली प्रदेशमा कर्मचारीको अभाव कायमै हुँदा सरकारका कामकाज प्रभावित भए । सुर्खेतस्थित यातायात व्यवस्था सेवा कार्यालयमा प्राविधिक कर्मचारी नहुँदा काम ठप्प भएको पाईयो । अन्य कार्यालयमा पनि कर्मचारीको अभावले काममा ढिलासुस्ती हुँदा जनताले सरकारको गुनासो गर्नेक्रम जारी रह्यो । कर्मचारी समायोजनका बेला धेरैले कर्णाली प्रदेशलाई आफ्नो कार्यक्षेत्र बनाउन चाहेनन् । कर्णाली रोजेका पनि हाजिर हुन नजाँदा नै उक्त प्रदेशमा कर्मचारीको अभाव

खड्किीरहेको देखिन्छ । यस अवधिमा कर्णाली प्रदेशभर ६ सय ७० कर्मचारी अपुग देखिएको ०७६ साउन २० गते प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**प्रदेश नं. ५ का कतिपय स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीहरुवीचको उचित समन्वयको अभावले संघ र प्रदेश सरकारबाट स्थानीय तहमा आएका योजना र बजेटहरु खर्च नभई फिर्ता भएको पाईयो । असार मसान्तसम्ममा सम्पन्न गरिने स्थानीय तहका आफ्नै योजनाका अतिरिक्त संघ र प्रदेशबाट आएका त्यस्ता योजना समन्वयको अभावमा कार्यान्वयन हुन नसक्दा स्थानीय सेवाग्राही विकासको अवसरबाट बन्चित हुने अवस्था बढदो छ ।**

रूपन्देहीको सियारी गाउँपालिकाले गत वर्ष संघीय सरकारबाट २५ करोड १२ लाख ८८ हजार रुपैयाँ अनुदान पायो। योजना किटान गरेरै ल्याएको बजेटको करिब ५० प्रतिशत उपयोग नै भएन। योजना कार्यान्वयनमा नजाँदा सशर्त अनुदान अन्तर्गत आएको १३ करोड २३ लाख ८८ हजार रुपैयाँ सबै फिर्ता भयो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मीनप्रसाद भट्टराईले संघीय सरकारले ढिला गरी बजेट पठाउँदा कार्यान्वयनमा समस्या परेको बताए। संघले एउटा योजना तोकेर पठाउने र फिल्डमा अर्को आवश्यकता देखिने भएकाले रकम उपयोग हुन नपाएको प्रमुख प्रशासकीय अधिकृत भट्टराईको भनाई रह्यो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

प्रदेश सरकारले गत वर्ष पाल्पाका विभिन्न योजनाका लागि ४७ करोड रुपैयाँ विनियोजन गरेको थियो। ती मध्ये धेरै योजनाको काम सुरु नभएपछि बजेट फिर्ता भएको छ। अन्तिम समयमा ठेक्का लगाउने, प्राविधिकको कमी, स्थानीयसँग समन्वय अभाव लगायतका कारण बजेट खर्च हुन नसकेको ०७६ भदौ २० गते प्रकाशित कान्तिपुर दैनिकमा उल्लेख छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

पश्चिम नवलपरासीका स्थानीय तहले लक्ष्य अनुसार विकास बजेट खर्च गर्न सकेका छैनन्। धेरै बजेट आर्थिक वर्षको अन्तिममा खर्च गर्नाले सम्भव नभएको हो। जिल्लाका स्थानीय तहले अन्तिम चौमासिकमा मात्र ५० प्रतिशतभन्दा बढी खर्च गर्छन्। अधिकांश बजेट कार्यालय भवन निर्माणमा खर्च गरेको छ। त्यसबाहेक सडक स्तरोन्नति र कालोपत्रे निर्माणमा धेरै खर्च गरेको पाईन्छ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**स्थानीय तहमा आन्तरिक विवाद चुलिने, पक्ष र बिपक्षवीचको विवादले बिरोध र अवरोधका कार्यहरु हुनु सामान्य हुन थालेको छ । आन्तरिक विवाद र गुट उपगुटले कतिपय स्थानीय तहमा यस अवधिमा नगर परिषद् तथा गाउँसभा समेत हुन सकेन भने कतिपय स्थानीय तहका कार्यालयहरुमा तोडफोड र आगजनी समेत भए । कतिपय पालिकामा अज्ञात पक्षको नाममा समेत अपराधिक घटनाहरु हुन थालेको पाईयो ।**

बरियारपट्टी गाउँपालिका-३ स्थित गाउँपालिकाको भवनस्थित अध्यक्षको कार्यकक्षमा ०७६ भदौ १७ गते राति अज्ञात पक्षले आगजनी गरे । आगजनीबाट कार्यकक्षमा रहेका टेबुल, कुर्सी र सोफालगायतका सामग्रीहरू जलेर नष्ट भए । सो पालिकामा बिगत केही समयदेखि अध्यक्षमाथि भ्रष्टाचार र अनियमितता तिव्र रुपमा भएको जनाउँदै अध्यक्षका बिपक्षीहरुले छानवीन गर्न माँग गर्दै आएका थिए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

जनप्रतिनिधिबीच आन्तरिक किचलोका कारण थिमि नगरपालिकाले यस त्रैमासिक अवधिको अन्तसम्म पनि बजेट पेश गर्न सकेन । नगरमा जनप्रतिनिधिहरू आरोप-प्रत्यारोपमा व्यस्त रहे । मध्यपुर थिमि नगरप्रमुख मदनसुन्दर श्रेष्ठ र उपप्रमुख अञ्जनादेवी मधिकर्मीवीचको राजनीतिक विवाद टुंगिन नसक्दा चालु आर्थिक वर्षको दुई महिना कट्न लाग्दा समेत बजेट पेश हुन नसकेको हो। अन्तरसरकारी वित्त हस्तान्तरण ऐनमा स्थानीय तहले असार १० सम्म बजेट पेस गरिसक्नुपर्ने व्यवस्था छ। यसरी बजेट पेश भएपछि मात्रै त्यसअनुसार आगामी आर्थिक वर्षमा खर्च गर्न र कर उठाउने अधिकार प्राप्त हुन्छ। मध्यपुर ठिमीले चालु आर्थिक वर्ष ०७६/०७७ को बजेट पेश गर्न नसक्दा चालु तथा पुँजीगत खाता बन्द छ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

बुद्धभूमि र कपिलवस्तु नगरपालिकाका उपप्रमुखले पाँचौं नगरसभा बहिष्कार गरेका छन्। सो पालिकाको ०७६ असार २२ गते भएको नगरसभा दुवैले बहिष्कार गरेका हुन्। बुद्धभूमि नगरपालिकाका उपप्रमुख मीरा चौधरीले प्रमुख केशवकुमार श्रेष्ठले

एकलौटी र मनोमानी तरिकाले कार्यक्रम र बजेट विनियोजन गरेकाले नगरसभा बहिष्कार गरेको बताईन्। यस्तै कपिलवस्तु नगरपालिकाकी उपप्रमुख लक्ष्मी गुप्ताले विकास योजनामा आफ्नो कुनै सुनुवाई नभएकोले नगरसभा बहिष्कार गर्नु परेको र अव आफू न्यायिक उपचारमा जाने बताईन् ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

प्यूठान जिल्लाका ९ वटै स्थानीय तहमा विभिन्न बहानामा कर्मचारी-जनप्रतिनिधिविचको विवाद दिन प्रतिदिन बढदो रुपमा देखिन थालेको छ। एकपछि अर्को विवादले नियमित काम प्रभावित भइरहेको छ। जनप्रतिनिधिले कर्मचारीलाई पुरानै तरिकाले स्थानीय तह चलाउन खोजेको आरोप लगाउँछन्। कर्मचारीले भने जनप्रतिनिधिले नियम विपरीत काम गर्न दबाब दिने गरेको गुनासो गर्छन्।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**बिगत प्रतिवेदनमा झै यस त्रैमासिक अवधिमा पनि प्रदेश नं. २ लगायत विभिन्न प्रदेशहरुमा भ्रष्टाचारका गतिबिधिहरु भएको पाईयो । यस अवधिमा पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले भ्रष्टाचार र अनियमितताको आरोपमा कार्वाहीलाई तिब्रता दिएको पाईयो । प्रदेशस्तरमा हेर्दा प्रदेश नं. २ मा बढी कार्वाहीको अवस्था देखिएको र यस अवधिमा स्थानीय तह, मालपोत कार्यालय, नापी कार्यालय लगायतका निकायमा कार्वाही प्रकृयाले तिव्रता पाएको देखियो ।**

**सिरहा**को गोलबजार नपाका सब-इन्जिनियर उमा श्रेष्ठलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले ०७६ साउन ३ गते घुस लिएको आरोपमा पक्राउ गरयो । गोलबजारकै एक होटलमा सेवाग्राहीसँग ५० हजार घुस लिएलगत्तै सब इन्जिनियर श्रेष्ठलाई टोलीले पक्राउ गरेको आयोगको कार्यालय बर्दिवासले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**सर्लाही**को रामनगर गाउँपालिकाका इन्जिनियर रामजी बाबु यादवले सेवाग्राहीसँग घुस लिएको आरोपमा ०७६ साउन ३ गते पक्राउ परे । इन्जिनियर यादवले घुस मागेको भन्ने सूचनाका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबासस्थित कार्यालयबाट खटिएको टोलीले उनलाई पक्राउ गरेको थियो । आयोगका अनुसार यादवलाई ५० हजार रुपैयाँ घुससहित मलंगवास्थित अशोका होटलबाट पक्राउ गरिएको थियो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**धनुषा**को नगराइन नपामा कार्यरत सब-इन्जिनियर उमेश मण्डललाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले ०७६ साउन २४ गते बेलुका घुस लिएको आरोपमा पक्राउ गरयो । सव-इन्जिनीयर मण्डललाई सेवाग्राहीबाट सम्पन्न भएको योजनाको भुक्तानी गराईदिए वापत ५५ हजार रुपैया घुस लिएकोले प्रमाणसहित पक्राउ गरिएको आयोगको कार्यालय बर्दिवासले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**सिरहा**स्थित मालपोत कार्यालयबाट सेवाग्राहीसंग घुस लिएको आरोपमा रकमसहित कार्यालयका नायव सुव्वा मिथिलेश्वर ठाकुर र लेखनदास राजवंशी चौधरीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले ०७६ साउन १४ पक्राउ गरयो । मोही जग्गाको लगत कट्टा गरिदिने भन्दै सेवाग्राहीसँग पाँचलाख रुपैया घूस लिइरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको बर्दिवासस्थित आयोगको कार्यालयले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**सुर्खेत** जिल्लास्थित डिभिजन वन कार्यालयका प्रमुख भक्तबहादुर लामालाई ४ लाख घुससहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ गरेको ०७६ असार २८ गते प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ । कर्णाली प्रदेश अन्तर्गत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले सुर्खेतमा भ्रष्टाचारको उजुरी बढ्दो क्रममा रहेको जनाएको छ । कार्यालयका अनुसार गत आर्थिक बर्षमा प्रदेशका १० जिल्लामा ९६३ उजुरी परे भने ५५२ फछ्र्यौट भएको सो कार्यालयले जनायो । यस प्रदेशमा भएका उजुरी अन्तर्गत निर्माण सम्बन्धी कार्यमा धेरै आर्थिक अनियमितता हुने गरेको पाईएको छ । जुम्ला सुर्खेत खण्डमा दर्जन बढी निर्माणाधीन पुल अलपत्र पारेर निर्माण व्यवसायी फरार रहेका छन् । परिणामस्वरुप जनताले सहज आवागमनमा सास्ती भोग्नुपरिरहेको छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**बिगतमा झैं यस अवधिमा पनि गोलीद्वारा हत्या र घाईतेका घटनाहरु भएको पाईयो । कतिपय स्थानमा सामूहिक झडपका घटनाहरु पनि भए । सुरक्षा निकायले सुरक्षा चेकजाँचलाई कडाई गर्ने क्रममा कतिपय स्थानमा हातहतियार सहित व्यक्ति पक्राउ परेको पनि पाईयो ।**

सर्लाहीको लालबन्दी नपा-५ मेजरगंज बस्ने ३० वर्षीय राजेश महतोलाई कट्टुवा पेस्तोल १ थान सहित ०७६ असोज ४ गते प्रहरीले पक्राउ गरयो । ईलाका प्रहरी कार्यालय लालबन्दीबाट खटिएको प्रहरीले चेकजाँच गर्ने क्रममा चालक महतोबाट पेस्तोल बरामद भएको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

प्रहरीले सिरहाको गोलबजार नगरपालिका-१ खजनपुरिया टोलका एक अपरिचित व्यक्तिबाट ०७६ साउन २८ गते भरुवा बन्दुक बरामद गरेको जनायो । प्रहरीलाई अपरिचित व्यक्तिले आफूसंग भएको भरुवा बन्दुक फालेर भागेपछि उक्त बन्दुक फेला परेको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

सशस्त्र प्रहरीको एक टोलीले धनुषाको जनकपुरस्थित लोहनामा ०७६ भदौ २८ गते धनुषाको धनौजी गाउँपालिका-२ का ३२ वर्षीय मनिष मिश्रलाई पक्राउ गरयो । जनकपुरधाम उपमहानगरपालिका-२५ स्थित लोहनामा सशस्त्र प्रहरीको टोलीले चेकजाँच गर्ने क्रममा एक थान कट्टुवा पेस्तोल सहित उनलाई पक्राउ गरिएको थप अनुसन्धानका लागि नेपाल प्रहरीलाई बुझाईएको सो प्रहरी गणले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

सिरहाको बिष्णुपुर गाउँपालिका-४ थलाहाकटाहाका ३० वर्षीय कृष्ण यादवलाई ०७६ भदौ २५ गते एकथान सिक्सर पेस्तोलसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनायो । हतियार देखाई छरछिमेकलाई धम्क्याएको जानकारीको आधारमा प्रहरीले निजलाई पक्राउ गरेको र थप अनुसन्धान भईरहेको प्रहरीको भनाई रहयो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

सर्लाहीको कौडेना गाउँपालिका-४ मोतिपुरका ४१ वर्षीय विनोद साह ०७६ असोज ३ गते साँझ अपरिचत व्यक्तिले चलाएको गोली लागी घाइते भए । घरतर्फ गईरहेका साहलाई अपरिचित व्यक्तिले गोली प्रहार गरेपछि घाईते भएकोमा बिरगंजस्थित नारायणी अस्पतालमा उपचार गरिएको र आरोपितहरुको खोजी जारी रहेको प्रहरीले जनायो । गोली प्रहार गर्ने कारण खुल्न सकेन ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

ठोरी गाउँपालिका-५ का २३ वर्षिय दिपेश पाखिनलाई भरुवा बन्दुक १ थान, बन्दुकमा लाग्ने कारतुस र ६ वटा रडको स-साना टुक्रा सहित प्रहरीले ०७६ भदौ २१ गते राति पक्राउ गरयो । प्रहरी चौकी सुवर्णपुरबाट खटिएको प्रहरीले ओरिया पुल नजिक हतियारसहित पक्राउ गरेको र थप अनुसन्धान भईरहेको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

कल्याणपुर नपा-११ का १९ वर्षीय मनिष मण्डल र सोही ठाउँका २४ वर्षीय मोहम्मद जाकीर मंसुरीलाई ०७६ श्रावण १२ गते राती एक थान बन्दुक सहित प्रहरीले पक्राउ गरयो । भारतीय नम्बर प्लेट भएको मोटरसाईकलमा हिडिरहेका आरोपितहरुलाई विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरीले बन्दुक सहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**बिगतमा झैं यस अवधिमा पनि अधिकांश स्वास्थ्य संस्थामा आवश्यक्ता अनुसारका भौतिक संरचनाको अभाव, दक्ष चिकित्सक अस्पतालमा नहुने र प्राबिधिक उपकरणको उचित व्यवस्थापन नहुँदा उपचारका लागि अस्पताल तथा स्वास्थ्य केन्द्रमा पुगेका बिरामीहरुले उचित स्वास्थ्य सेवाबाट बंचित हुनुपरेको पाईयो । बेडको अभावमा भुईमानै बसेर उपचार गराउन बाध्य हुने त्यसैगरि एउटै बेडमा दुईभन्दा बढी बिरामी राखेर उपचार गरिने समस्या सामान्य हुन थालेको पाईयो । त्यसैगरि भएका दक्ष चिकित्सकहरु काठमाडौं उपत्यका र सुबिधाजनक ठाउँमा मात्र केन्द्रीत हुँदा पहाडी र हिमाली जिल्लाका दुर्गम ठाउँमा स्वास्थ्य उपचारको समस्या झन झन बिकराल हुँदै गएको देखियो ।**

प्रदेश नं. ५ अर्न्तगत अर्घाखाची जिल्लाको सन्धिखर्क अस्पतालमा बेड अभावमा बिरामीको भुइँमै उपचार हुने गरेको छ । १५ शैयाको अस्पताललाई ५० शैयामा स्तरोन्नति गर्ने कुरा तीन दशकदेखि चुनावी नारामै सीमित छ । यहाँ दैनिक ५० देखि डेढ

सयसम्म बिरामी भर्ना हुन्छन्। बेड नपाएपछि उनीहरूको भुइँमै र एउटै बेडमा दुई जनासम्म बिरामी कोचेर उपचार भईरहेको छ। बेड अभावमा यहाँका सामान्य बिरामी पनि उपचारका लागि जिल्लाबाहिर जानुपर्ने बाध्यता छ। गरिब र पहुँच नभएका बिरामीले बेडमा सुतेर उपचार गर्न पाउँदैनन्। धनी र पहुँचवालाले मात्रै बेड पाउने सेवाग्राहीहरुको गुनासो रहको ०७६ असोज ९ गते प्रकाशित कान्तिपुरमा उल्लेख छ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

कर्णाली प्रदेशमा स्वास्थ्य सेवाको अवस्था कमजोर रहेको छ । भौगोलिक विकटता, औषधी तथा अन्य उपकरण र दक्ष चिकित्सकको अभावमा यहाँका जनताले अकालमा ज्यान गुमाउनु परेको छ । यस अवधिमा हुम्लाको सर्केगाड स्वास्थ्य चौकीमा प्रसुतिका लागि ल्याईएको २० बर्षीय अनरुपा टमाटाको उपकरण अभावमा मृत्यु भएको ०७६ साउन १६ गतेको साझा बिसौनी दैनिकमा उल्लेख छ । सल्यान जिल्ला अस्पतालमा ३२ दरवन्दीमध्ये १४ जनामात्रै चिकित्सक कार्यरत हुँदा प्रभावकारी स्वास्थ्य सेवामा असर परिरहेको पाईएको छ । यस अवधीमा प्रदेशका विभिन्न जिल्लामा औषधी अभाव देखिएको छ । डोल्पा र जाजरकोटका स्वास्थ्य चौकीमा औषधीको अभावका कारण विरामीले प्रभावकारी स्वास्थ्य सेवाबाट बन्चित हुनु परेको छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

डोटी जिल्लाका १० वटा वडाहरुमा सेवाग्राहीले यस अवधिमा पनि प्रभावकारी रुपले स्वास्थ्योपचार सेवा नपाएको गुनासो गरेका छन् । स्वाथ्य चौकी नभएका कारण बडीकेदार, दिपायल, सिलगढी नगरपालिका, आदर्श गाँउपालिका र शिखर नगरपालिकाका वडाहरुमा अझै सुलभ स्वास्थ्य सेवा पुगेको छैन ।

(१८ औं त्रैमासिक प्रतिवेदन- सुदूर पश्चिम प्रदेश)

**दुर्गम र पहाडी क्षेत्रमा स्वास्थ्य अवस्था बिकराल भईरहेको वेला यस त्रैमासिक समयमा भने सरकारले गर्भवती र सुत्केरीलाई स्वास्थ्योपचारका लागि निःशुल्क हवाई सेवा दिने निर्णय गरेर एक उदाहरणीय कार्य गरेको छ । राष्ट्रपति महिला कार्यक्रम अन्तर्गत उक्त सेवाले केही रुपमा भएपनि सुत्केरी महिलालाई राहत पुग्ने देखिन्छ ।**

जुम्लामा भने ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरीलाई निःशुल्क हवाई सेवा दिइने भएको छ । राष्ट्रपति महिला कार्यक्रम अन्तर्गत उक्त सेवा शुरु गरिएको २०७६ भाद्र ११ गतेको साझा बिसौनी दैनिकमा प्रकाशित छ । यसले सुत्केरी अवस्थामा ज्यान गुमाउनुपर्ने महिलाको स्वास्थ्य अधिकार सुनिश्चित गरेको छ। यद्यपी यसको पहुँचमा सरलता ल्याउन जरुरी छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

---

## २ - सामाजिक एकता/तनाव

**बिगतमा झै यस अवधिमा पनि सातवटै प्रदेशहरुमा लैंगिकतामा आधारित हिंसाका घटनाहरु भए । यस्ता घटनामा महिलाहरु बढी पीडित भएको पाईयो । बलात्कार, बलात्कारको प्रयास, यौनजन्य हिंसा र दुर्व्यवहार, घरेलु हिंसा, कुटपिट, बालविवाह लगायतका घटनाहरु यस अवधिमा भए । बलात्कारका घटनामा नावालिग उमेर समूहका नै बढी पीडित भएको देखियो ।** *( बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको कारणले गोप्य राखिएको छ ।)*

**बलात्कार**

२५ वर्षीया महिले डाक्नेश्वरी नपा-८ का ३० वर्षीया सुन्दर मुखिया विरुद्ध जर्वजस्ती बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयले ०७६ असोज २९ गते उजुरी दिईन् । पीडित महिलाका पति असोज ३ गते माछा मार्न गएको बेला आरोपित कोठाभित्र प्रवेश गरी बलात्कार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालय सप्तरीमा असोज ६ गते उजुरी दिएकी थिइन् । पीडित महिलाको स्वास्थ्य परीक्षण र अन्य अनुसन्धानपछि पीडितको उजुरी दर्ता गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

१७ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा छिन्नमस्ता गाउँपालिका-६ का २८ वर्षीय चन्दन सदामाथि कार्वाहीको माँग गर्दै पीडित पक्षले ०७६ भदौ २५ गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दिए । अभिभावक तीर्थ गर्न भारततर्फ गएका र घरमा कोही नभएको बेला सुतिरहेको अवस्थामा बाँसको टाँटी उप्काएर घरभित्र प्रवेश गरेर आरोपितले बलात्कार गरेको पीडित पक्षको भनाई थियो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

एक १५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा सैनामैना नपा-६ का ३० वर्षीय सरोज थापाविरूद्ध ०७६ असार २७ गते पीडित परिवारले प्रहरीमा उजुरी दिए । पीडित बालिकालाई आरोपितले राम्रो जागिर लगाइदिन्छु भनी बोलाएर असार २६ गते साँझ बलात्कार गरेको भनी पीडित बालिकाले बताएपछि असार २७ गते आरोपितविरूद्ध इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिईएको पीडित परिवारले बताए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

२ वर्षीया बालिकालाई जबरजस्ती बलात्कार गरेको आरोपमा कपिलबस्तुको बुद्धभूमी नगरपालिका बस्ने अर्घाखाँचीको सितगंगा नगरपालिका-१२ स्थित दुईघुम्ती बस्ने ६० वर्षीय टेक बहादुर पुनलाई ०७६ असार ३१ गते प्रहरीले पक्राउ गरयो । पीडित पक्षको उजुरीको आधारमा घटनाको अनुसन्धान गरि कार्वाही प्रक्रिया अगाडि बढाईएको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

१५ बर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा कन्चनपुरको बेदकोट नपा-१ का सन्जोष भट्टलाई प्रहरीले ०७६ कार्तिक २२ गते पक्राउ गरयो । पीडित पक्षको उजुरीका आधारमा आरोपितलाई पक्राउ गरि कारबाही अगाडी बढाएको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- सुदूरपश्चिम प्रदेश)

१४ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा मंगलसेन नपा-१ कुन्ती बनडालीका २० वर्षीय एकिन्द्र कुवरलाई ०७६ कार्तिक १३ गते प्रहरीले पक्राउ गरयो । पीडित पक्षले आरोपित विरुद्ध सोही दिन उजुरी दिएका थिए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- सुदूरपश्चिम प्रदेश)

**यौनजन्य हिंसा र दुर्व्यवहार**

११ वर्षीया बालिकालाई २०७६ असोज ११ गते यौन दुब्यहार गरेको आरोपमा प्रहरीले कैलारी गाँउ पालिकाका १८ वर्षीय प्रज्वल चौधरीलाई पक्राउ गरयो । पीडित बालिका खेलिरहेको अवस्थामा आरोपितले यौन दुब्यहार गरेको पीडित परिवारले बताए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- सुदूरपश्चिम प्रदेश)

**बोक्सीको आरोपमा अमानवीय व्यवहार**

प्रदेश नं. १ को झापास्थित कनकाई नगरपालिका-२ की २२ वर्षीया महिलालाई बोक्सी लागेको भनी अमानवीय व्यवहार गर्ने सोही ठाउँका ४० वर्षीया कुमारी बुढाथोकी र ३१ वर्षीय दिनेश दर्जीलाई भदौ २० गते प्रहरीले गिरफ्तार गरेको छ । पीडित महिलालाई आरोपितद्वयले भदौ १९ गते राती बोक्सीको आरोपमा पन्यू तताएर अनुहार र हातमा डामेको पीडितले बताईन् । पीडित महिलाको उजुरीका आधारमा आरोपितद्वयलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय अनारमनीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

महोत्तरीको भङ्गहा नपा-४ की ३८ वर्षीया चन्दनदेवी दनुवारलाई ०७६ साउन ३२ गते साँझ स्थानीय चारजना महिलाहरूले कथित बोक्सीको आरोपमा मलमूत्र खुवाई अमानवीय कार्य गरे । पीडित सो दिन खेतबाट घाँस लिएर घर फर्कँदै गर्दा बाटोमै घेरेर स्थानीय ३५ वर्षीया सवितादेवी सिंह, ३० वर्षीया ईन्दुकुमारी सिंह, ४५ वर्षीया सुक्नी देवी र ५० वर्षीया सुकेश्वरी देवी लगायतले कुटपिट गरि मलमूत्र खुवाएको पीडित परिवारले बताए । आरोपितहरुलाई पक्राउ गरि आवश्यक कार्वाही प्रकिया अगाडि बढाईएको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**दहेजको निहुँमा हुने हिंसा**

बिरगंज महानगरपालिका-१० रानीघाटमा एक महिलामाथि उनकै परिवारका सदस्यले ०७६ भदौ २६ गते कुटपिट गरी घाइते बनाए । रानीघाटका गोबिन्द साहकी श्रीमती रन्जुदेवीले दाइजोको निहुँमा श्रीमान् गोविन्द र सासू जशोदादेवीले कुटपिट गरी घाइते बनाएको बताउँदै कुटपिट गर्नेमाथि कारबाहीको माँग गरिन् ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

मोटरसाइकल दाइजो नदिएको निहुँमा रौतहटको राजपुर नपा-७ अकोलवामा २५ वर्षीया सन्जुदेवी सहनीको परिवारजनले ०७६ भदौ १९ गते हत्या गरेको पीडितका माईती पक्षले आरोप लगाए । मृतक सन्जुका बुवा अविलास सहनीले प्रहरीमा दिएको किटानी जाहेरी अनुसार ज्वाइँ रामबाबुले दाइजोमा मोटरसाइकल नपाएको भन्दै कुटपिट गर्दथे । केही महिनाअघि

कान्छी छोरीको बिहे गर्दा मोटरसाइकल दाइजो दिएको देखेपछि रामबाबुले सन्जुमार्फत् आफूलाई पनि मोटरसाइकल चाहियो भनेर माग्ने र सोही निहुँमा छोरीमाथि कुटपिट हुँदै आएको बताउँदै कडा कार्वाही गर्न अविलासले माँग गरे । घटनाको अनुसन्धानका लागि मृतकको श्रीमान रामबाबु सहनी र ससुरा मोहन सहनीलाई पक्राउ गरिएको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

सिम्रोनगढ नपा-१ की २२ वर्षीया रम्भा कुशवाहालाई दाइजो नल्याएको भन्दै घरपरिवारका सदस्यले ०७६ भदौ १८ गते कुटपिट गरी घरेलु हिंसा गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालयमा भदौ २१ गते उजुरी दिईन् । सिम्रोनगढ नपा-१ खजानी निवासी ६५ वर्षीय ससुरा धर्मदेव महतो, ५५ वर्षीया सासू पर्वतीया देवी, ३५ वर्षीय पति प्रधुमन कुशवाहा, २५ वर्षीय देवर लवकुशकुमार कुशवाहा, ४५ वर्षीय जेठाजु अजयकुमार कुशवाहा, ३५ वर्षीय छिमेकी बुनीलाल राम र ३५ वर्षीय जेठाजु दिलबन्धुप्रसाद कुशवाहा उपर कार्वाहीको माँग गरिएको पीडितले बताईन् ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**मानव बेचबिखन तथा ओसारपसार**

बिगतको अवधीमा जस्तै यस अवधिमा पनि मानव बेचबिखन घटनाहरु देखिए । प्रदेश नं. ५ प्रहरी कार्यालयका अनुसार गत आर्थिक बर्ष ०७५/७६ मा ४९ मुद्दा दर्ता भएका थिए । यसैगरी यस आर्थिक वर्षको साउन, भदौ र असोज महिनाको अवधिमा ९ वटा मानव बेचबिखनका मुद्दा दर्ता भएको पाईयो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

रूपन्देही नपाकी १६ वर्षीया बालिकालाई विभिन्न प्रलोभन देखाएर बेचबिखनका लागि भारततर्फ लैजान लागेको भन्दै पीडित पक्षले ०७६ असार १५ गते सियारी गाउँपालिका-५ विष्णुपुराका २२ वर्षीय राजेश हरिजन विरूद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराए । पीडितको उजुरीको आधारमा आरोपितको खोजी भईरहेको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

१४ र १७ वर्षीया दुई जना बालिकालाई विभिन्न प्रलोभन देखाई ०७६ असोज १ गते भारततिर लैजाँदै गरेको आरोपमा प्रहरीले कञ्चन गाउँपालिका-१ बेलभोरियाका ५८ वर्षीया फुलकुमारी थारु र ३६ वर्षीया शिव नेपाली भन्ने शिवा सार्कीलाई असोज २ गते मैनहियाबाट गिरफ्तार गरेको छ । मानव बेचबिखनको आरोपमा पकाउ गरिएका दुवैमाथि आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

कर्णाली प्रदेशमा यस त्रैमासिक अवधिमा पनि मानव वेचबिखनका घटनाहरु भए । कर्णाली प्रदेश प्रहरी कार्यालयका अनुसार गत ४ बर्षमा कर्णालीबाट २४ जना महिलाहरु बेचबिखनमा परेका छन् । प्रहरीमा उजुरी नआएको संख्या हेर्ने होभने यो संख्या अझै बिकराल हुन सक्ने देखिन्छ । राम्रो जागीर लगाईदिने, बिबाहको प्रलोभन, सम्पत्तिको प्रलोभन जस्ता कुराहरुबाट ग्रामीण परिवेशका युवतीहरुलाई ललाई फकाई बेचबिखन गराउने गरिएको पाईएको छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

राम्रो काम लगाईदिने प्रलोभनमा ४ जना युवतीहरुलाई धनगढीको त्रिनगर नाका हुँदै भारततर्फ लैजादै गरेको अवस्थामा प्रहरीले चितवन जिल्ला रत्ननगर पालिका २ की २९ बर्षिया सपना प्रजापतिलाई कार्तिक २२ गते पकाउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कैलारीका प्रहरी निरिक्षक दक्ष कुमार बस्नेतले चारै युवतीलाई कामको प्रलोभन देखाई बेचबिखन गर्ने उद्देश्यले भारत लैजान लागिएको अवस्थामा युवतीहरुको उद्धार गरिनुका साथै आरोपितलाई पकाउ गरि कार्वाही अगाडि बढाईएको बताए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- सुदुर पश्चिम प्रदेश)

## ३ - राजनीतिक तनाव/ परिचालन

**पार्टी एकीकरणपछि निर्माण भएको नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) को प्रदेश नं. २ अन्तर्गत महोत्तरीको बर्दिवासमा सम्पन्न प्रदेशस्तरीय भेलामा पूर्वाग्रही तरीकाले नेता कार्यकर्ताहरुलाई पाखा लगाईएको जनाउँदै एक समूहले होहल्ला गरेपछि दोहोरो झडपको स्थिती सृजना भयो । स्थितीलाई नियन्त्रणमा लिन प्रहरीले लाठि चार्ज समेत गर्नु परयो । राजनीतिक विवादका कारण सिरहा र सप्तरीका जिल्ला कमिटीका सदस्यहरुका लागि तय भएको सपथग्रहण कार्यक्रम समेत प्रभावित भयो ।**

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) प्रदेश नम्वर २ अन्तर्गत जिल्ला कमिटीका पदाधिकारीहरुको सपथग्रहण कार्यक्रमस्थलमै झडप भएको छ । विवादकाबीच महोत्तरीको बर्दिबासस्थित सेवा समितिको हलमा सिरहा र सप्तरी जिल्ला कमिटीका पदाधिकारीहरुको सपथ ग्रहण कार्यक्रम राखिएपछि झडप भएको हो । झडपका क्रममा सप्तरीको राजविराज नगरपालिका-८ का देवनाथ यादव घाइते भए । स्थितीलाई सामान्य बनाउन प्रहरीले लाठि चार्ज समेत गरेको थियो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**यस अवधिमा प्रदेश नं. ५ स्थित बाँकेको सितापुरमा नेपाली कांग्रेसले आयोजना गरेको राजनीतिक कार्यक्रममा नेकपाका कार्यकर्ताहरुले हस्तक्षेत्र गरि बिथोल्नुका साथै आक्रमण समेत गरेको पाईयो । नेकपाको आक्रमणबाट आफ्ना केही नेता कार्यकर्ता घाईते भएको जनाउँदै सो संगठनले बिज्ञप्तीमार्फत विरोध जनाई दोषीमाथि कार्वाहीको माँग गरयो ।**

प्रदेश नं. ५ अन्तर्गत बाँकेको सीतापुरमा नेपाली कांग्रेसको कार्यक्रममा सत्तारुढ दलका कार्यकर्ताले आक्रमण गरेका छन् । घटनामा परि बाँके जिल्ला नेपाली कांग्रेसका सभापति किरण कोइरालाको हात भाँच्चिएको र केही सामान्य घाइते भएको प्रहरीले जनायो । राष्ट्रिय जागरण अभियान अर्न्तगत खजुरा गाउँपालिका-२ सितापुरस्थित नेपाल रेडक्रस सोसाईटीको हलमा कार्यक्रम भइरहेका बेला १३ जना युवा नेकपा छाडेर कांग्रेसमा प्रवेश गरेका र गाउँपालिकामा भएको भ्रष्टाचारको विषय पनि उठे पश्चात वडा नम्बर १ का वडाध्यक्ष सुमन मल्लको निर्देशनमा सो घटना भएको नेपाली कांग्रेस जिल्ला संगठनले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**गण्डकी प्रदेश मातहतको संसदबाट यस अवधिमा पनि सचिवालय सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक पास हुन सकेन । एकवर्षभन्दा बढी समयदेखि रोकिएको बिधेयक नियुक्त हुने सचिवलाई दिईएको अधिकारको बिषयमा सहमति जुटन नसकेपछि बिधेयकले संसदबाट पूर्णता पाउन सकेको छैन । यधपी गण्की प्रदेशमा जनप्रतिनिधिले दोहोरो सुबिधा पाउने गरि संसोधन भएको बिधेयक भने यसै अवधिमा प्रदेश सभाबाट अत्यधिक बहुमतले पारित भएको पाईयो ।**

प्रदेशसभामा पेस भएको विधेयक सामान्यत: २ साता वा बढीमा एक महिनाभित्र आवश्यक छलफल भएर पारित हुने गर्छन् । तर गण्डकी प्रदेशसभा सचिवालयसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक भने एक वर्षभन्दा बढी समयदेखि रोकिएको छ । प्रदेशसभामा प्रमुख प्रतिपक्षी कांग्रेसका सचेतक मणिभद्र शर्माले विधेयकमा नियुक्त हुने सचिवलाई बढी अधिकार दिइएको भन्दै त्यसलाई सच्चाउनुपर्ने मागसहित संशोधन प्रस्ताव राखेकाले विधेयक दफावार छलफलका क्रममै विधायन समितिमा गएर रोकिएको हो । हालसम्म ६ पटक विधेयकमाथि छलफल भए पनि सहमति जुट्न नसकेको हो । गत भदौ ३० यता विधेयकमाथि कुनै पनि छलफल हुन सकेको छैन । विधेयक २०७५ असार ६ मा प्रदेशसभामा पेस भएर दफाबार छलफलका लागि विधायन समितिमा पठाइएको थियो । सुरुमा सचिवालयमा नियुक्त हुने सचिवको मर्यादाक्रम नमिलेको भन्दै विरोध समेत भएको ०७६ असार २५ गते प्रकाशित कान्तिपुरमा उल्लेख छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)

जनप्रतिनिधिले दोहोरो सुविधा पाउने गरी संशोधन भएको विधेयक गण्डकी प्रदेशसभा ०७६ भदौ ५ गतेको बैठकमा बहुमतले पारित भएको छ । जनप्रतिनिधिको पारिश्रमिक र सेवासुविधा सम्बन्धि केही प्रदेश कानुनलाई संशोधन गर्न बनेको विधेयक पारित भएको हो । विधेयकको विषयमा विधायन समितिले ६ पटक बैठक राख्दा सहमति नजुटेपछि समितिका सभापति मोहन रेग्मीले भदौ ४ गतेको सभामा प्रतिवेदन बुझाएका थिए । विधेयक ल्याएको एक महिना नपुग्दै सभाले बहुमतको आधारमा पारित गर्‍यो । पारित भएको विधेयक सरकारको २९ औं हो । यो सबैभन्दा बढी आलोचना खेपेको विधेयक पनि हो । दोहोरो सेवासुविधा, स्थानीय तहका उपाध्यक्षलाई गाडीलगायतको व्यवस्था गरिएकाले बढी विरोध भएको थियो । विधेयक पारित भएसंगै स्थानीय तहका कार्यपालिका सदस्यले वडाध्यक्ष बराबरको सेवासुविधा पाउने भएका छन् । उनीहरूको समान हैसियत भएको छ । यसैगरी पोखरा महा-नगरप्रमुख र उपप्रमुखले नासु र खरिदार सरहको स्वकीय सचिव राख्न पाउने छन् ।

(१८ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)

**बिगतमा झै यस अवधिमा पनि सरकारद्वारा प्रतिबन्धित नेत्र बिक्रम चन्द (बिप्लव) नेतृत्वको नेकपाको नामबाट बिभिन्न स्थानहरु विष्फोट र आगजनीका घटनाहरु भए । यस अवधिमा सो संगठनका कार्यकर्ताहरुले अधिकांश रुपमा स्थानीय तह अन्तर्गतका पालिकाहरु र वडा कार्यालयलाई निशाना बनाएको पाईयो । केही ठाउँमा नेपाल टेलिकम र एनसेलका टावरमा समेत बिष्फोट र आगजनी गराई क्षति पुरयाएको पाईयो ।**

विर्तामोड नगरपालिका ७, ८ र ९ को संयुक्त वडा कार्यालयमा ०७६ साउन २७ गते बिहान अज्ञात पक्षबाट बम विष्फोट गराई भौतिक संरचना र फर्निचनमा क्षति पुरयाए । विष्फोट कसले गरायो भन्ने नखुलेको र घटनाका विषयमा अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालयले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

गौरादह नगरपालिका कार्यालय र साहरा नेपाल सहकारी संस्थामा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपाले ०७६ भदौ २२ गते बिहान बम विष्फोट गराई क्षति पुरयाए । बम विष्फोटबाट गौरादह नगरपालिकाका प्रशासकीय अधिकृत सागर मिश्रले प्रयोग गर्दै आएको बा २ भ्र २५७० नम्बरको बोलेरो गाडी पूर्ण रूपमा क्षतिग्रस्त भएको प्रहरीले जनायो । त्यसैगरी सोही दिन बिहान अज्ञात पक्षले विर्तामोड नगरपालिका २ चारपानेमा रहेको सहारा नेपाल सहकारी संस्थाको केन्द्रीय कार्यालयको नवनिर्मित भवनमा गराएको बम विष्फोटबाट सहकारीको मूल गेट, सुरक्षा गार्ड बस्ने कोठा र भवनमा प्रयोग भएको सिसामा क्षति पुगेको इलाका प्रहरी कार्यालय अनारमनीका डिएसपी मोहन थापाले बताए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

षडानन्द नगरपालिकाको कार्यालय परिसरमा ०७६ असोज २ गते राति बम विस्फोट भयो । विष्फोटबाट उपमेयरले प्रयोग गर्दै आएको सवारी साधनमा सामान्य क्षति पुगेको प्रहरीले जनायो । विस्फोट भएको ठाउँमा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपाको पर्चा समेत भेटिएको स्थानीयले जनाए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

इलामको माइ नगरपालिकाका नगरप्रमुख दीपक थेवेको घरमा ०७६ असोज ६ गते अपरिचित समूहले राखेको कुकर बम सेनाको बम डिस्पोजल टोलीले निस्क्रिय पारेको छ । नगरप्रमुख थेवेको माइ नपा-२ स्थित घर नजिकै रहेको सवारी साधनको तल कुकर बम रहेको र क्षति हुनुपूर्व जानकारी पाई निस्क्रिय पार्न सफल भएको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिका वडा नम्बर ५ मैदानको अमजामा रहेको नेपाल टेलिकमको टावरमा ०७६ साउन १४ गते राति अज्ञात समूहले आगजनी गरेको छ । आगजनीबाट टावरमा क्षति भएको आगो कसले र किन लगायो भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

बाँकेको नेपालगंजस्थित एनसेलका २ टावरमा ०७६ साउन १६ गते राती अपरिचित समूहले आगजनी गरि क्षति पुरयाएका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाका अनुसार नेपालगञ्ज उपमहानगरपालिका-२० मनिकापुर नयाँबस्ती र डुडुवा गाउँपालिका-४ मेहमानपुरमा रहेको एनसेलको टावरमा जुटको बोरामा पेट्रोल छर्केर आगजनी गरेको पाईयो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

रोल्पाको परिवर्तन गाउँपालिका-२ स्थित वडा कार्यालयमा ०७६ भदौ ८ गते राति बम विस्फोट र आगजनी गरिएको छ । राङसीमा रहेको वडा कार्यालयमा बम विस्फोट भएको र बिष्फोटपछि आगजनी पनि गरिएका कारण कार्यालय पूर्ण रुपमा क्षतिग्रस्त भएको वडाध्यक्ष हरिप्रसाद बुढाले बताए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

कालीकोट जिल्लालाई केन्द्र बनाई भूमिगत राजनीतिक कृयाकलाप सञ्चालन गरेको विप्लव समूह कर्णाली प्रदेशकै सुरक्षा चुनौतिको रुपमा रहेको प्रदेश प्रहरी कार्यालयका डिआइजी पूर्णचन्द्र जोशीले बताए । यस अवधिमा विप्लव कार्यकर्ताले दैलेखको आठबिस नगरपालिका-१ को कार्यालयमा तोडफोड गरि क्षति पुरयाएको ०७६ साउन ५ गते प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**यस अवधिमा नेत्र बिक्रम चन्द (बिप्लव) नेतृत्वको नेकपालाई प्रमुख सुरक्षा चूनौतीका रुपमा लिदै सुरक्षा निकायले सो संगठनका कार्यकर्ताहरुको पक्राउलाई तिब्रता दिएको पाईयो । अधिकांश जिल्लाका जिल्लास्तरका र कतिपय केन्द्रीयस्तरका नेता कार्यकर्ताहरु पक्राउमा परेको सार्वजनिक जानकारीमा आयो । प्रदेश नं. १ को भोजपुरमा प्रहरी र बिप्लव नेतृत्वको कार्यकर्तावीच भएको गोली हानाहानमा दुवैतर्फ एक एक जनाको ज्यान गएको सुरक्षा निकायले पुष्टि गरेको पाईयो ।**

**भोजपुर** सदरमुकाममा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ता र प्रहरीबीच ०७६ असार २५ गते भएको गोली हानाहानमा एक जना प्रहरी जवान र एकजना विप्लव कार्यकर्ताको मृत्यु भयो । सदरमुकामको हटिया लाइनमा गस्तीमा रहेको प्रहरी टोलीमाथि विप्लव कार्यकर्ताले गोली चलाएपछि भएको जवाफी कारवाहीमा प्रहरी जवान सञ्जीव राई र षडानन्द नपा १३, बोया घर भई विप्लव समूहका ओखलढुङ्गा इन्चार्ज नीरकुमार राईको गोली लागि मृत्यु भएको भोजपुरका प्रमुख जिल्ला अधिकारी नुरहरी खतिवडाले बताए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

**पाँचथर** जिल्लास्थित विप्लव नेतृत्वको नेकपाका जिल्ला सेक्रेटरी ४२ वर्षीय विजय नेम्वाङ्गलाई प्रहरीले ०७६ भदौ २४ गते गिरफ्तार गरयो । आरोपितलाई सार्वजनिक सम्पत्तिमा आगजनी गरि क्षति पुरयाएको आरोपमा कार्वाही अगाडि बढाईएको जिल्ला प्रहरी कार्यालयले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

**झापा** जिल्लास्थित विप्लव नेतृत्वको नेकपाका जिल्ला सेक्रेटरी सहित आठ जना कार्यकर्ताहरुलाई ०७६ भदौ ३० गते प्रहरीले पक्राउ गरयो । पक्राउ पर्नेमा इलाम माङ्सेबुङ गाउँपालिकाका ३४ वर्षीय प्रवीण मिश्र (मनिष), झापा हल्दीबारी गाउँपालिकाका ४४ वर्षीय टीका पोखरेल, मकवानपुर भिमफेदी गाउँपालिकाका २६ वर्षीय अनुल सारु मगर, ताप्लेजुङ जिल्लाको त्रिवेणी गाउँपालिकाका २७ वर्षीय राजु दास, सद्धिङबा गाउँपालिकाका ३५ वर्षीय सकल भनिने सागर लिम्बू, त्रिवेणी गाउँपालिकाका २४ वर्षीय सन्देश भनिने गणेश कार्की (ढोली), फक्ताङ्गलुङ गाउँपालिकाका ५५ वर्षीय नरपति पौडेल र ३८ वर्षीय योगेश भन्ने यामबहादुर लिम्बु रहेको ०७६ भदौ ३१ गते प्रकाशित ब्लाष्ट दैनिकमा उल्लेख छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

**महोत्तरी** जिल्लास्थित विप्लव नेतृत्वको नेकपाका जिल्ला इन्चार्ज 'रुक' भनिने रुपेशबहादुर कार्कीलाई ०७६ भदौ १६ गते प्रहरीले महोत्तरीको बर्दिबासस्थित रातुपुलबाट पक्राउ गरयो । मोटरसाइकलमा हिडिरहेका बेला पक्राउमा परेका कार्कीलाई बर्दिबास क्षेत्रमा बम राखेर आतंक फैलाएको आरोपमा कार्वाही प्रक्रिया अगाडि बढाईएको प्रहरीले जनायो ।

त्यसैगरि **महोत्तरी** जिल्ला सेक्रेटरी ४५ वर्षीय भीमबहादुर आले मगरलाई ०७६ असोज २ गते प्रहरीले पक्राउ गरयो । गौशाला नगरपालिका-८ बेलगाछीबाट मगरलाई गिरफ्तार गरिएकोमा आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय महोत्तरी पठाइएको इलाका प्रहरी कार्यालय गौशलाका प्रहरी निरीक्षक किशोर आचार्यले जानकारी दिए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**रौतहट** जिल्लास्थित विप्लव नेतृत्वको नेकपाका ४ जना कार्यकर्ताहरुलाई ०७६ श्रावण १५ गते प्रहरीले पक्राउ गरयो । पक्राउ पर्नेहरुमा चन्द्रपुर नपा-४ का मानबहादुर वाइवा र राम बहादुर घिसिङ रहे भने अन्य दुईजनाको नाम सार्वजनिक हुन सकेन । उनीहरुबाट हतियार पनि बरामद भएको प्रहरीले जनाएको छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**रोल्पा** जिल्लास्थित विप्लव नेतृत्वको नेकपाका जिल्ला जनसरकार प्रमुख ४९ वर्षीय लालबहादुर ओलीलाई प्रहरीले प्यूठानको स्र्वगद्धारी नपा-४ बाट ०७६ साउन १२ गते पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय प्यूठानले जनाएको छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**दाङ** जिल्लास्थित विप्लव नेतृत्वको नेकपा निकट अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य घोराही उपमहानगरपालिका-१५ निवासी २९ वर्षीय हेमन्त जिसीलाई ०७६ साउन १८ गते राती प्रहरीले पक्राउ गरयो । घोराही-लमही सडक खण्डको घोराही उमनपा-१८ डबरी चोकमा राति सवारी जाँचका क्रममा लु १ च ७४४३ नम्वरको जीपबाट गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले बताए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**रुपन्देही** जिल्ला विप्लव नेतृत्वका जनसरकार उपप्रमुख सहित ३ जनालाई प्रहरीले ०७६ भदौ ६ गते पक्राउ गरयो । पक्राउ पर्नेहरुमा रुपन्देहीको लुम्बिनी साँस्कृतिक नपा-११ का ५० बर्षीय बिक्रम यादव, रुपन्देहीको गैडहवा गाउँपालिका-६ का ४३ बर्षीय रुदल यादव र सियारी गाउँपालिका-४ का ६३ बर्षीय विष्णुप्रसाद तिवारी (मुकेश) रहेको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**बर्दिया** जिल्लास्थित विप्लव नेतृत्वका जिल्ला इञ्चार्ज मीना चलाउने र अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष लोकेन्द्र जोशी यस अवधिमा बर्दियाबाट पक्राउ परे । जिल्लाको विभिन्न विद्यालयमा असोज २३ गते साँझ सङ्गठन बिस्तार अभियान चलाएर फर्कँदै गर्दा उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

विप्लव नेतृत्वको नेकपाका ३ जना विद्यार्थी नेतालाई प्रहरीले ०७६ असोज ११ गते नवलपरासीको सुनवलबाट पक्राउ गरेको सार्वजनिक जानकारी गरायो । अखिल क्रान्तिकारीका **लुम्बिनी** ब्युरो इञ्चार्ज विरेन्द्र विक, अखिल क्रान्तिकारीका **पश्चिम**

**नवलपरासी**का जिल्ला संयोजक शारदा भण्डारी र **अर्घाखाँची** जिल्ला सदस्य एवम् नवलपुरका पूर्व विद्यार्थी संयोजक नयनसिंह खड्का 'नवीन' पक्राउ परेको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**कैलाली** जिल्लास्थित बिप्लव नेतृत्वको नेकपाका कार्यकर्ताहरु गौरीगंगा नपा-५ अण्डैयाका ४० वर्षीय धनबहादुर बिक र चुरे गाँउपालिका-१ शिवनगरका ३९ वर्षीय असोक क्षेत्रीलाई प्रहरीले ०७६ असोज १४ गते धनगढीस्थित बागेश्वरी होटेलबाट पक्राउ गरयो । पक्राउ गरिका दुवै जना बिरुद्ध सार्बजनिक ठाँउमा बम बिस्फोटन तथा आगजनीको कसुरमा जिल्ला अदालत कैलालीमा मुद्दा दर्ता गरि कार्वाही अगाडि बढाएको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**अछाम** जिल्लास्थित मंगलसेन नपा-१३ का बिप्लब नेतृत्वको नेकपाका कार्यकर्ता २१ वर्षीय सिद्धार्थ थापालाई ०७६ असोज २३ गते प्रहरीले पक्राउ गरयो । मंगलसेन नपा-१३ स्थित वडा कार्यालयमा तालाबन्दी गरेको आरोपमा निजलाई पक्राउ गरिएको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

बिप्लव नेतृत्वको नेकपाका जिल्ला सदस्य बित्थडचिर गाँउपालिका-९ सुनकुदाका ४० वर्षीय देबराज अवस्थीलाई ०७६ असोज २४ गते प्रहरीले पक्राउ गरयो । अवस्थीलाई चन्दा संकलन गरिरहेको अवस्थामा स्याडी प्रहरी चौकीबाट गएको टोलीले नगदी रसिद सहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

बाजुरा जिल्लाको गौमुल गाँउपालिकामा चन्दा संकलन गरिरहेको आरोपमा बिप्लव नेतृत्वको नेकपाका केन्द्रिय सदस्य सहित १६ जनालाई प्रहरीले ०७६ कार्तिक २२ गते पक्राउ गरयो । पक्राउ हुनेहरुमा रोल्पा जिल्ला गंगादेब गाँउपालिका-३ जिनाउ निवासी पार्टी केन्द्रिय सदस्य चुडामणी ओली सहितका रहेका छन् ।

(१८ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

## ४ - श्रोत साधनमाथिको द्वन्द्व

**बिगतमा भैं यस अवधिमा पनि श्रोत बाँडफाँड र परिचालनको बिषयलाई लिएर बिभिन्न क्षेत्रमा द्वन्द्व र विवाद देखा परे । यस अवधिमा प्रदेश नं. २ का कतिपय स्थानीय तहमा बजेट बिनियोजनकै बिषयमा भएको विवाद चरमोत्कर्षमा पुगेको र अदालतको मुद्दाको बिषय समेत बन्न पुगेको पाईयो ।**

धनुषाको हँसपुर नगरपालिकाका उपमेयर रेणु झा सहित ३ जना विरुद्ध ०७६ भदौ २२ गते जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दर्ता गरिएको छ । उपमेयर सहित, वडा नं. २ का वडा अध्यक्ष उदय साह र वडा नं. ४ का वडा अध्यक्ष किशोरी यादवमाथि जाहेरी दर्ता गराएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक रामेश्वर कार्कीले बताए । सोही क्रममा हँसपुरबाट ट्रयाक्टर, मोटरसाइकल लगायतका सवारी साधनमा करिव २ हजारको संख्यामा आएका स्थानीयहरुले उपमेयर रेणु झा लगायतका जनप्रतिनिधिहरु बिरुद्ध नारावाजी गर्दै बिरोध प्रदर्शन समेत गरे ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

गणेशमान चारनाथ नगरपालिकामा उपप्रमुख मिना यादबको नेतृत्वमा रहेका एक समूहले नगरपालिकाद्वारा किसानका लागि उचित बजेट बिनियोजन नभएको जनाउँदै कार्यपालिका भवनमा ०७६ भदौ २४ गते तालाबन्दी गर्न लागेपछि प्रहरी र उपमेयर समर्थकवीच सामान्य झडप भयो । सोही क्रममा उपमेयर यादबले मेयर रामबाबु यादबले आफुखुसी योजना छनोट गरेर भदौ २५ गतेको नगरसभा गराउन लागेको तर कृषक लगायत महत्वपूर्ण क्षेत्रमा बजेट नराखिएकोले बिरोध स्वरुप उक्त तालावन्दीमा उत्रिनु परेको आरोप लगाइन् । उपप्रमुख यादवले प्रमुख जिल्ला अधिकारीलाई एक ज्ञापनपत्र बुझाउँदै समस्या समाधान नभएसम्मको लागि तत्काललाई गोप्य तरिकाले गर्न लागेको नगरसभा रोक्न समेत माँग गरिन् ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

प्रदेश नं २ को नामकरण र स्थायी राजधानी तोक्ने विषयमा अन्योल बढ्दै गएको छ । सो विषयमा प्रदेशसभा सचिवालयमा ०७६ भदौ ५ गते दर्ता गरिएको राजनैतिक दल र दलको प्रस्तावमा असहमति राख्ने सदस्यले फरकफरक प्रस्ताव दर्ता गराएपछि यसबारे अन्योलता बढ्दै गएको हो । प्रावधानअनुसार प्रदेशको नामकरण र राजधानीको टुङ्गो लगाउन दुई तिहाई मत चाहिन्छ । फरक फरक प्रस्ताव दर्ताले दुई तिहाई मतको सम्भावना नदेखिएका कारण यो विषय अनिश्चित हुँदै गएको छ । प्रदेशसभा सचिवालयमा राजनैतिक दल र प्रदेशसभा सदस्यले प्रदेशको नामकरणका लागि चार तथा राजधानीका लागि पाँच

प्रस्ताव दर्ता गराएका छन् । सोमध्ये सत्तासीन समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीले संयुक्त रूपमा प्रस्ताव दर्ता गराएकोप्रति सोही दलसँग आबद्ध सात प्रदेशसभा सदस्यले राजधानी तोक्ने विषयमा फरक प्रस्ताव दर्ता गरेका छन् ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**बिगतमा झै यस अवधिमा पनि नदीजन्य पदार्थको अनियमित ढंगले उत्खनन् र निकासी तीव्र रुपमा भएको सार्वजनिक जानकारीमा आयो । यस्ता कार्यले कतिपय ठाउँमा पहिरोको सम्भावनाहरु बढेको र कतिपय ठाउँमा सार्वजनिक सडकहरु नै जोखिममा परेको पाईयो । यस्ता कार्यमा एकदुई जनाभन्दा पनि ठूलै जालोको रुपमा रहेको र संलग्न व्यक्तिहरुलाई राजनीतिक संरक्षण हुने गरेको स्थानीयको आरोप रहयो ।**

धादिङको गजुरी स्थित बिहानी पेट्रोलपम्प नजिक र पृथ्वी राजमार्गमा सञ्चालित दर्जनौं अबैध बालुवा खानीका कारण राजमार्ग नै जोखिममा परेको छ । चितवन सिमाना मौवा खोला पार गरेलगत्तै त्रिशूली किनारमा रहेका गोरखा घ्याल्चोक र बेनीघाट चरौंदीको रमाइलो डाँडामा भएका अवैध बालुवाखानीले हरियाली उजाड बनाएको छ। राजमार्गसँगै जोडिएर सञ्चालनमा रहेका अवैध क्रसर र बालुवाखानीले राजमार्गमा बाह्रै महिना गिट्टीबालुवा पोखेर प्रदूषण बढाएको सडक डिभिजन कार्यालयको गजुरी स्थित इकाइ प्रमुख हरि ठकुरीले बताए । स्वीकृति बेगर बालुवा खानीमा लैजान निर्माण गरिएका शाखा सडक बन्द गर्न गराउन सरोकारवाला, स्थानीय तह, जिल्ला प्रशासन र प्रहरीलाई पत्राचार गरे पनि सुनुवाइ नभएको ठकुरीको भनाई छ। राजमार्ग वरपर चरौंदी, विशालटार, बाँदरे, मलेखु, गलौदी, घाटबेँसी, मासटार, बेल्खु, गल्छी, सिद्धलेक, गजुरी, चालिसे, बिहानीपम्प लगायतका दर्जनौं स्थानमा अवैध बालुवाखानी छन् । जिल्लामा धेरै बालुवा तथा ढुंगाखानी अवैध रूपमा सञ्चालन हुँदा पनि सरोकारवाला निकाय मौन छन् । दैनिक लाखौं रुपैयाँको कारोबार गर्ने र प्राकृतिक सम्पदाको दोहन गर्ने खानीको अनुगमन र नियन्त्रणमा सरकारी निकायले चासो नदिएको ०७६ कार्तिक २० गते प्रकाशित कान्तिपुरमा उल्लेख छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

## ५ - सङ्क्रमणकालीन न्याय/ न्यायमाथिको पहूँच

**बिगतमा झै यस त्रैमासिक अवधिमा पनि सुरक्षा निकायले बिभिन्न मुद्दामा फरार व्यक्तिहरुको खोजी र कार्वाहीलाई तिव्रता दिएको पाईयो । यस अवधिमा प्रदेश नं. ३ मा आत्महत्यामा दुरात्सहन गरेको एक मुद्दामा आरोपिलाई कैद सजायको निर्णय र यौनजन्य दुर्व्यवहारको आरोपमा निवर्तमान सभामुख कृष्णबहादुर महरामाथिको कार्वाहीको घटना उल्लेखनीय रहयो ।**

विभिन्न मुद्दामा अदालतबाट सजाय पाएर लामो समयदेखि फरार रहेका तीन जनालाई प्रहरीले ०७६ भदौ १९ गते सिरहाको छुट्टाछुटै स्थानबाट प्रहरीले पक्राउ गरेको छ । जबर्जस्ती करणी मुद्दामा फरार कल्याणपुर नगरपालिका-११ का ७० वर्षीय रामप्रसाद मोची, चोरी मुद्दामा फरार कल्याणपुर नगरपालिका-८ मझौलियाका २६ वर्षीय सुरेन यादव रहेको छ । त्यस्तै लेनदेन बिगो मुद्दामा फरार सिराहा नगरपालिका-१२ सास्वरका ५५ वर्षीय काशिन्द्र यादवलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक अपिलराज बोहराले सार्वजनिक जानकारी गराए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

सामूहिक बलात्कारबाट पीडित एक महिलाको पक्षमा चितवन जिल्ला अदालतले दुई वर्षपछि फैसला सुनाएको छ । बलात्कारमा संलग्न चार जनालाई अदालतले बुधबार ११ वर्ष कैद हुने सजाय सुनाएको हो। न्यायाधीश अवनी मैनाली भट्टराईको एकल इजलाशले उनीहरूलाई सजाय गरेको अदालतका स्रेस्तेदार रुद्रमणि गिरीले बताए। ०७४ कात्तिक १२ गते दायर भएको मुद्दामा अदालतले अभियुक्तहरू विरुद्ध दाबी पुग्ने ठहर गर्दै सजाय तोकेको हो। स्रेस्तेदार गिरीका अनुसार सजाय तोकिएकामा भरतपुर-१२ का निसान गुरुङ, सागर गौतम, भरतपुर बसपार्क चोकका विजय सुनार र भरतपुर-८ का सुजन पौडेल रहेका छन् । बलात्कार मुद्दामा पाँचदेखि सात वर्ष कैद हुन्छ। सामूहिक बलात्कारमा थप पाँच वर्ष कैद हुने व्यवस्था छ। ६/६ वर्ष कैद निर्धारण गरी सामूहिक बलात्कार भएको हुँदा सबैलाई पाँच वर्ष पनि कैद थप भएको स्रेस्तेदार गिरीले बताए। औषधी किन्न घरबाट निस्केकी महिला रातभर घर नफर्केपछि परिवारले खोज्न थालेका थिए। उनको साथमा भएको मोबाइल पनि चोरी भएको थियो। उक्त मोबाइल निसान गुरुङले बेचेको पत्ता लागेपछि सुरुमा उनी पक्राउ परेका थिए। अदालतले मोबाइल चोरेर बेचेको अभियोग लागेका गुरुङलाई ११ वर्षमाथि थप एक महिना कैद र ७ हजार १ सय रुपैयाँ जरिवाना गर्ने निर्णय पनि गरेको स्रेस्तेदार गिरीले बताए। औषधी किन्न जाँदा ती महिलाले म्याजिक भ्यान चढेकी थिइन्। चालकले पछि दुई युवालाई चढाएर भरतपुर गोन्द्राङ आडको जंगल क्षेत्रमा लगेर बलात्कार गरेको प्रहरीमा दिएको उजुरीमा उल्लेख छ। पछि चालकले ती महिला र दुई युवालाई भरतपुरको सुनसान क्षेत्रमा छाडेर हिँडेका थिए। त्यहाँ फेरी अर्का एक युवक आएर बलात्कार गरेको उजुरीमा उल्लेख छ। मुद्दा दायर हुँदा निसान गुरुङ र सुरज पौडेल मात्रै समातिएका थिए।

फरार रहेका अन्य दुईमध्ये विजय सुनारले मुद्दा दायर भएपछि अदालतमा हाजिर भई बयान दिएका थिए। आरोपित मध्ये सागर गौतम अझै फरार छन्, ०७६ कार्तिक १ गतेको कान्तिपुर दैनिकमा उल्लेख छ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

प्रदेश नं. ३ स्थित जिल्ला अदालत चितवनले छोरा-छोरीसहित सामूहिक आत्महत्या गरेकी महिलाका पतिलाई आत्महत्या दुरुत्साहन मुद्दामा ०७६ कार्तिक २ गते ९ महिना कैद फैसला गरेको छ। अदालतले यो घटनामा अन्य तीन जनालाई पनि दोषी ठहर गर्दै जेल र जरिवानाको सजाय गरेको हो। जिल्ला न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले उक्त सजाय सुनाएको अदालतका श्रेस्तेदार रुद्रमणि गिरीले जानकारी दिए।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

संसद सचिवालयकी कर्मचारी रोशनी शाहीमाथि डेरामै गई बलात्कार प्रयास गरेको आरोप लागेको पूर्वसभामुख कृष्णबहादुर महरालाई पूर्पक्षका लागि जेल चलान गरेको छ । शाहीको उजुरीका आधारमा महरालाई बालुवाटारबाट पक्राउ गरी हिरासतमा राखिएको थियो । शाहीले महराले राति आफु एक्लै भएको समयमा आएर बलात्कार प्रयास गरेको भन्दै कोठाबाट बाहिरिएलगत्तै राति नै प्रहरीको १०० मा समेत फोन गरेकी थिइन् । मुद्दाको अन्तिम फैसला नभएसम्म महारा जेल बस्नुपर्नेछ । उनलाई डिल्लीबजार स्थित सदरखोर कारागार पठाइएको ०७६ कार्तिक २ गते प्रकाशित टुडे खवरमा उल्लेख छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

## ६ - प्राकृतिक प्रकोप पछिको राहत/ सहयोग वितरण र स्वास्थ्य लाभ सम्बन्धी चुनौती/ द्वन्द्व

**बिगत वर्षहरुमा झै यस वर्ष पनि असारको अन्तिम र साउनको पहिलो सातामा परेको अविरल वर्षाका कारण प्रदेश नं. १ का अधिकांश जिल्लाहरु प्रभावित भए । पहाडी जिल्लाहरुमा बाढी र पहिरोले सडक तथा बाटोमा क्षति पुरयाएपछि ओखलढुंगा, खोटाङ र सोलुखुम्बु लगायत अधिकांश पहाडी जिल्लाहरुमा यातायात समेत अवरुद्ध भएको पाईयो । प्रदेश प्रतिनिधिहरुबाट प्राप्त प्रतिवेदन अनुसार बर्षाका कारण दर्जनौ व्यक्तिको ज्यान गएको र हजारौ व्यक्तिहरु प्रभावित भएको र बिस्थापनमा परेको पाईयो ।**

**मोरंग** जिल्लास्थित जिल्ला विपद् व्यवस्थापन समितिका अनुसार मोरङमा करिब चार सय परिवार विस्थापित भए भने करिब २५ सय परिवार प्रभावित बने । विराटनगर महानगरपालिकाको १, ६, ७, ८ र १६ त्यसैगरि सुन्दरहरैचा नपा-१ र गाउँपालिकाहरु जहदा-४ स्थित कटहरी, धकनपालथान-४ र ५ र बुढीगंगा-७ लगायत वडाका करिव चारसय परिवार विस्थापित भए । त्यस्तै विराटनगर-८ सिंगिया खोला किनारको सुकुम्वासी बस्तीका ५० घर विस्थापित भए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

**ताप्लेजुङ** जिल्लाको दुर्गम गाउँ याम्फुदिनका ३२ घर खोलाको जोखिममा परेको पाईयो। यस अवधिमा भएको अविरल बर्षाका कारण तुम्याहा खोलाले बस्तीतिरको जमिन कटान गर्दै गएको स्थानीय डिल्लीकुमार गुरुङले बताए। खोलाले झोलुंगे पुल बगाएपछि ३२ परिवारलाई गाउँपालिका केन्द्र थुंगीनसँग छुट्टयाएको छ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

**भोजपुर** जिल्लामा पहिरोको कारण एकसय परिवार विस्थापित भए। भोजपुर नगरपालिका क्षेत्रमा पहिरोले १४ परिवार विस्थापित भए भने टेम्केमैयु गाउँपालिकामा २६, पौवादुङ्मा गाउँपालिकामा २ परिवार, आम्चोक गाउँपालिकामा ४४, रामप्रसाद राई गाउँपालिकामा ९ परिवार, अरुण गाउँपालिकामा १ परिवार, हतुवागढी गाउँपालिकामा ३ परिववार र साल्पासिलिछो गाउँपालिकामा १ परिवार गरी हालसम्म एकसय परिवार विस्थापित भएको स्थानीय प्रशासनले जनायो । बाढीपहिरोले जिल्लाका नौवटा स्थानीय तह अन्तर्गत १६ घर पूर्ण र ५८ घरमा आंशिक क्षति पुगेको जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी नुरहरि खतिवडाले जानकारी दिए।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

प्रदेश नं. २ मा चार दिनको अबिरल बर्षा र बाढीका कारण ०७६ साउनको पहिलो सातासम्मको अवधिमा कम्तिमा ३५ जनाको ज्यान गएको पाईयो । प्रदेश प्रहरी कार्यालय, जनकपुरका प्रवक्ता एवं डिएसपी ज्ञानकुमार महतोका अनुसार रौतहटमा ९ जना, महोत्तरीमा ७ जना, धनुषा र सिरहामा ६/६ जना, पर्सामा ४, बारामा २ र सर्लाहीमा १ जनाको बाढीका कारण ज्यान गएको हो । मृत्यु हुनेमा २१ जना बालबालिका रहेको र अधिकांशको डुबेर, बगेर मृत्यु भएको प्रहरीले जनायो ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**सप्तरी**को दक्षिण-पूर्वी भेगमा पर्ने तिलाठी कोइलाडी गाउँपालिकाको विभिन्न वडाहरु डुबानमा परेका छन् । गत मंगलबार र बुधबार परेको अविरल वर्षाका कारण स्थानीय खाँडो, महुली, जिता खोलामा आएको बाढीले वडा नम्बर ४ मा पर्ने तिलाठी र वडा नम्बर ५ को कोइलाडी बर्साइन क्षेत्रका करिब साढे दुई हजार परिवार प्रभावित भए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**महोत्तरी**मा बाढीबाट चार हजार पाँचसय ७१ घरमा पूर्ण क्षति भएको पाईयो । जिल्ला दैवी प्रकोप उद्धार समितिको तथ्याङ्कअनुसार बाढीबाट सात हजार नौसय ६३ घरमा आंशिक तथा पाँच हजार आठसय ४७ घरमा सामान्य क्षति पुगेको छ । जिल्लामा एकसय ५० हेक्टरमा लगाइएको धानखेती, २० हेक्टरको मकैखेती, ५० हेक्टरको तरकारीखेती र आठ हेक्टरमा लगाइएको अन्य खेती नष्ट भएको र यसबाट करिव पाँच करोड बराबरको क्षति भएको छ । बाढीले मटिहानी, जलेश्वर, बलवा, लोहारपटी, भङ्गहा नगरपालिका, एकडारा, महोतरी र पिपरा गाउँपालिकामा सबैभन्दा बढी क्षति पुऱ्याएको जिल्ला बिपद् व्यवस्थापन समितिले जनायो । रातो, मरहा, विग्ही र जङ्घा नदीमा आएको बाढीले बलवा नगरपालिकाको लेऊरी, जलेश्वर नगरपालिका, मटिहानी नगरपालिका र लोहारपट्टी नगरपालिकाका झण्डै ४० गाउँ डुबानमा परे । यसबाट करीब दुई लाख बासिन्दा प्रभावित भएको ०७६ साउन ११ गते प्रकाशित जनकपुर टुडेमा उल्लेख छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**दोलखा**मा जथाभावी सडक विस्तारले पहिरोको समस्या देखिएको छ। पछिल्ला दुई वर्षमा सडककै कारण दोलखाको सिंगटी बजार पहिरोको चपेटामा परेको थियो । अव्यवस्थित सडक विस्तारका कारण यस वर्ष सिंगटी बजारको पश्चिमी क्षेत्र बाढीपहिरोको चपेटामा परेको थियो । बजार क्षेत्रका २८ वटा पसलमा पहिरो पसि ६ करोडको क्षती भएको दोलखा उद्योग वाणिज्य संघले बताएको छ । यस वर्षको वर्षामा सिंगटी अस्पतालतर्फ जाने कच्ची सडकबाट बगेको पानीले वेग परिवर्तन गर्दा सदरमुकाम चरिकोटदेखि लामाबगर जाने मुख्य सडकमा क्षति पुगेको हो । सडकहरूमा ढुंगा, लेदो र पानीको भेल पस्दा २८ वटा पसलमा क्षति पुगेको छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

**लमजुङ**को दोर्दीखोलामा निर्माणाधीन ४ वटा जलविद्युत् आयोजना मध्येको माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजनामा ०७६ साउन ८ गतेको बाढीले मानव धनजनको क्षति पुऱ्यायो । आयोजनामा कार्यरत ५ कामदारको बाढीमा परेर मृत्यु भयो भने ५ कामदार हराइरहेको प्रहरी जनायो । आयोजना क्षेत्रमा विपद् सूचना प्रणाली जडान नभएका कारण एक्कासी बाढी आउदा उक्त क्षति भएको स्थानीयको भनाई थियो । बाढीमा ज्यान गुमाएका तथा बेपत्ता कामदारका परिवारलाई जनही १० लाख रुपैया राहत दिने प्रक्रिया थालिएको आयोजनाका अधिकारीले बताए ।

(१८ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)

प्रदेश नं. ५ को गुलरिया नगरपालिका-१०, महजिदियाका बासिन्दा बाढीले पिरोलेपछि पुर्ख्यौली थलो छाड्दै बसाई सर्न थालेका छन्। भारतसँग जोडिएको बस्तीका अधिकांश सुरक्षित स्थानमा गईसकेका र गुलरिया-१० का ३१ परिवार घर छाडेर कालाबन्जर र रत्नापुर गाउँमा बसाइँ सरेको वडा अध्यक्ष वीरेन्द्र चौधरीले बताए।

(१८ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ५)

कर्णाली प्रदेश अन्तर्गत बिभिन्न स्थानहरुमा बाढी तथा पहिरोबाट धेरै प्रभावित भएको पाईयो । पहिरोले **कालीकोट**को तिलागुफा नगरपालिका ७ मा २४ घरपरिवार विस्थापित भए । यस अवधीमा बाढीका कारण वीरेन्द्रनगर नपा वडा नं ९ र १० का विभिन्न क्षेत्रमा डुवानले प्रभावित भएको त्यसैगरि दैलेखको दुल्लु नगरपालिका-१ मा ८ घर पहिरोको जोखिममा रहेको पाइयो । कर्णाली प्रदेश सरकारले बाढीपहिरो पीडितको राहत र उद्धारमा १४ करोड खर्च गरेको ०७६ साउन २३ गते प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ ।

(१८ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

---

## ७ - प्रवृत्ति

- संघीय सरकार निर्माया भई जनप्रतिनिधीहरुले सरकारको कार्यभार सम्हाली सक्दा समेत नीति र कानूनको अभावले काम नहुनुले सरकारको कार्यसंचालन विधी माथि नै गम्भीर प्रश्न उठन थालेको छ । यसले तीनै तहको सरकारले संविधान प्रदत्त अधिकारको प्रयोग गर्न नसकेको र जनताले अझै पनि सहज सेवा सुविधा नपाए विद्यमान शासकिय व्यवस्था प्रति नै प्रश्न उठने सम्भावना रहेको देखिन्छ ।

- तीन तहको सरकार, जनप्रतिनिधीहरु र कर्मचारीहरु बीचको तालमेल र नीतिगत व्यवस्थाको अन्योलताको कारण जनताले प्रभावकारीरुपमा सेवा सुविधा नपाउनुले आउने दिनहरुमा जनप्रतिनिधी र कर्मचारीले जनताबाट विरोध र तनावको सामना गर्नुपर्ने अवस्था आउन सक्ने सम्भावना रहेको देखिन्छ ।
- संघ, प्रदेश र स्थानीय तहमा फरक विचारका कारण बजेटमा बिनियोजन र वितरणमा फरक अवस्था हुने गरेको यथार्थता एकातिर हुँदाहुँदै कर्मचारी र जनप्रतिनिधिहरु बीच प्रभावकारी समन्वयको अभावले आएका योजनाहरु पनि कार्यान्वयन हुन नसक्दा स्थानीय तहको विकासमा प्रत्यक्ष असर पर्ने भएकोले यसतर्फ गंभीर हुनुपर्ने देखिन्छ ।
- स्थानीय तहका निर्वाचित जनप्रतिनिधीहरुले भ्रष्टाचारका घटनाहरुमा संलग्न हुनु र बाहिर आएका घटनाहरुलाई ढाकछोप गरि मिलाउन खाजेको प्रवृतिले जनतामा कर भार र जनप्रतिनिधीहरुको विलासिताले जनप्रतिनिधीहरु प्रति नैराश्यताको वातावरण सृजना नगर्ला भनेर भन्न सकिन्न ।
- पछिल्लो समयमा भ्रष्टाचार मौलाउँदै गईरहेको र स्थानीय तहमा भ्रष्टाचार बढदो रुपमा देखिन थालेकोले अन्ततः समग्र संरचना र व्यवस्थामाथि नै असर पर्ने भएकोले यसतर्फ तीनै तहका सरकार गंभीर हुन जरुरी देखिन्छ ।
- स्वास्थ्य जस्तो संवेदनशील बिषयलाई उचित व्यवस्थापन गर्न नसक्दा नागरिकको जीवनमै असर पर्ने भएकोले यसतर्फ सरकारले बिशेष ध्यान दिन अपरिहार्य छ ।
- बिगतमा झैं यस त्रैमासिक अवधिमा पनि लैंगिक हिंसा बढदो रुपमा देखिनुले महिलामाथिको सुरक्षा चूनौती अझ बढेर गएको प्रष्ट छ । त्यसमा पनि साना उमेरका बालिका र किशोरीमाथिको हिंसा बढिरहेकोले यसतर्फ सरकार र सुरक्षा निकायले बिशेष ध्यान दिनुपर्ने र पहलगर्नु पर्ने अवस्था रहेको छ ।
- प्राकृतिक स्रोतको दोहन र गैरकानूनी निकासी पैठारीको समस्या समाधानमा सम्बद्ध सरोकारवाला उदासिन देखिनु आफैमा गम्भीर अवस्था हो । यसमा सम्बन्धीत सरोकारवालाहरुको तत्काल पहल आवश्यक छ । प्राकृतिक श्रोतको दोहनबाट अर्को समुदायमा पर्न सक्ने असरलाई कसरी व्यवस्थापन गर्ने भन्ने चुनौती पनि देखा परिरहेको छ । यसले भोलीका दिनमा स्थानीय सरकारहरु बीच र प्रदेश तहमा विवाद नहोला भन्न सकिन्न ।
- बिगतमा झैं यस त्रैमासिक अवधिमा पनि नेत्रबिक्रम चन्द (बिप्लव) नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीको गतिबिधिले सुरक्षा चूनौती थप बढेर गएको देखिन्छ । सरकारले संगठनमा प्रतिबन्ध लगाई नेता कार्यकर्ताहरुको पक्राउमा तिव्रता दिएपश्चात पनि विष्फोट र संरचनामा आगजनी र क्षतिका घटना झन बढनुले आउने दिनमा राजनीतिक असहजता अझ नबढला, थप क्षति नहोला भन्न सकिन्न । तसर्थ वार्ता र संवादप्रति दुवै पक्ष गंभीर भई वार्ताको माध्यमबाट शान्तिपूर्ण निकास खोजिनु नै सबैको लागि हितकर हुनेछ ।
- बिगतमा झैं यस अवधिमा पनि बिभिन्न मुद्दाका फरार व्यक्तिको खोजी र कार्वाहीको प्रकियाले तीव्रता पाउनु सकारात्मक रहेको छ । यसर्थ यस कार्यलाई अझ तिव्रता दिदै पीडितमाथि न्याय र राहतको लागि समेत पहलकदमी हुनु उत्तिकै अपरिहार्य छ ।
- यस त्रैमासिक अवधिमा अबिरल वर्षा र बाढीले देशका अधिकांश ठाउँमा क्षति पुरयाएको सन्दर्भमा मृतक परिवार र बिस्थापित परिवारलाई तत्कालीन सामान्य राहतको उपलब्धता भएपनि दीर्घकालीन राहत र महिला एवं बालबालिकाहरुका लागि उचित मनोबिमर्शको लागि पनि तीनै तहका सरकारद्वारा ध्यान दिनुपर्ने देखिन्छ ।

**१८ औं EWER त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिको लागि साझा अभियान (कोक्याप)/नेपाल मनिटर डट ओआरजीले निम्न संस्था/प्रतिनिधिहरुको सहकार्यमा तयार गरेको हो । प्रदेश नम्वर १ मा मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल) कि यसोधा सुब्बा, प्रदेश नम्वर २ मा नन्दकुमार साह, प्रदेश नम्वर ३ मा कल्पना भट्टराई, गण्डकी प्रदेशमा पत्रकार रामेश्वर बोहरा, प्रदेश नम्वर ५ मा  मधेश मानवअधिकार गृह (माहुरी होम) का बसन्त बन्जाडे, कर्णाली प्रदेशमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेतका कमलराज लम्साल र सुदूरपश्चिम प्रदेशमा मानवअधिकारकर्मी हेमकर्ण विकले घटनाको बिवरण संकलन र बिश्लेषणमा लिखित सहयोग गर्नुभएको छ भने, प्रतिवेदन संयोजन र सम्पादन सेफरवर्ल्डका लागि देवराज पोखरेल र अविनाश कर्णले गर्नुभएको छ ।**